पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २७ अङ्क : ४४ २०६७ असार ११ गते शुक्रबार (June25, 2010) मूल्य रू. ५/-

## पूर्वराजाको पूर्वाञ्चल पूर्वाङ्ग

काठमाडौं / काभ्रेको पनौती, जनकपुरको धनुषा, बाँकेको नेपालगञ्ज, बारा-पार्सा र रौतहटको मेला, जानकी मन्दिर, वागेश्वरी देवी, वैष्णोदेवी, महाकाली, गढीमाईको धार्मिक भ्रमण सम्पन्न गरेर पूर्व राजाले आफ्नो अस्तित्व समाप्त भइनसकेको प्रमाणित गरिसकेपछि केही हप्ता भित्रै विराटनगर जाने कार्यक्रम बनाउन लागेको स्रोतको दाबी छ । स्रोतका अनुसार विराटनगर मुकाम गरेर पूर्व राजाले पूर्वाञ्चलका मठमन्दिर, देवदेवालयहरूको भ्रमण गर्नुहुनेछ । पूर्वराजालाई विभिन्न जिल्ला भ्रमण गर्न आएका निम्तो अब टारेर पनि टार्न नसकिने अवस्था सिर्जना भइसकेको छ ।

पूर्वराजा जुनसुकै स्थानमा गए पनि आम नागरिकहरूको ठूलो जमघट हुने गरेको छ । लाखौं जनता घामपानी नभेर घण्टौं लाममा बस्ने र पूर्वराजाको दर्शन गरेर शान्ति कायम हुनेमा आश्वस्त हुने गरेकाछन् । (बाँकी अन्तिम पेजमा)

### तीन पार्टीको एकवर्षे करारमा तीनथरि दरार

# संसदमा माओवादी 'भोटे ताल्चा'

काठमाडौं / जेठ १४ गते ठूला तीनदलले संविधानसभाको म्याद एक



वर्ष थप गर्ने जुन करार गरेका थिए, त्यो करारमा अविश्वास र असहमतिको ३ थरि दरार पर्न गएको छ । पहिला राजिनामा देऊ भन्ने माओवादी र प्याकेजमै सहमति गरौं भन्ने एमाले-कांग्रेसका कारण यस्तो दरार परेको हो । ठूला तीन दलबीच सत्ताको नेतृत्वलाई लिएरु यति ठूलो दरार परेको छ कि यो दरार पुरिन एक वर्ष होइन, धेरै वर्ष लाग्ने छ । त्यसकारण थपिएको एक वर्षमा शान्ति र संविधान बन्ने जनताको अपेक्षा पूरा हुने सम्भावना न्यून बन्दै गएको छ ।

खासगरी नेकपा माओवादीले फेरि संसद केन्द्रीत आन्दोलन गर्ने धम्की दिएर सरकारको नीति तथा कार्यक्रम र बजेट अधिवेशन बोलाउन असहयोग गरेर संसद चल्न नदिने बताएको छ । माओवादीका नेता मोहन वैद्यको 'राजीनामा नगरे संसद चल्न दिइने छैन, राजीनामा नआउँदासम्म टसमस गर्ने छैनौं, संसद चल्न दिंदैनौं' भन्ने अभिव्यक्तिले ३ बुँदे सहमति गरेर संविधानसभाको म्याद थप्ने ठूला तीन दलबीच जुँगाको लडाइँ सुरु भएको छ । भारतमा भारतीय माओवादीले विरोध सप्ताह सुरु गरेका छन्, नेपालमा माओवादीले संसद चल्न नदिने घोषणा गरेका छन् । भारत र नेपालमा माओवादी समस्या बन्दै गएको देखिएको छ ।

माओवादीले कांग्रेस र एमालेलाई 'बेइमान' भनिसकेको छ । एउटा राष्ट्रिय दलले ठूला प्रजातान्त्रिक दुई दललाई खुलेआम 'बेइमान' भनिसकेपछि अविश्वास कुन हदसम्म बढिसेकेछ भन्ने सहजै अनुमान गर्न सकिन्छ । माओवादीले कुनै पनि प्रतिबद्धता पूरा गर्नु नपर्ने र कांग्रेस-एमालेले मात्रै गतिरोधको अन्त्य गरेर माओवादीको (बाँकी अन्तिम पेजमा)

## साना दल पनि नैतिकहिन

काठमाडौं / शान्ति र संविधानप्रति ठूला दलहरूले वेवास्ता गरे भनेर साना २२ दलले बैठक गरेका छन् र आन्दोलन गर्ने तयारी थालेका छन् । सोमबार भएको १४ साना दलको बैठकले सभामुखलाई भेटेर ठूला दलका संसदीय दलका नेतालाई बोलाएर विवादित विषयहरूमा छलफल गर्न माग राखेका छन् । सभामुख सुभाषचन्द्र नेम्वाङ संविधानसभा र व्यवस्थापिका संसद् दुवैतिर असफल बन्दै गएका छन् । संवैधानिक समितिका सभापति नीलाम्बर आचार्य पनि खोपे देउता बनेर तलवभत्ता खाएर बसिरहेका छन् ।

यो अवस्थामा सरकारमा सामेल भएका साना दलहरूले ठूला ३ दलको रस्साकस्सी फुक्नु पर्छ र शान्ति तथा संविधान लेखन सुचारु हुनुपर्छ भनेर आन्दोलन गर्न सीपी मैनाली, डा.प्रकाशचन्द्र (बाँकी तीन पेजमा)

## अधिवेशन बोलाउन नसक्नु सरकारको असफलता

अभियान संवाददाता

काठमाडौं । दलहरू बीचको आन्तरिक झगडाले गर्दा आर्थिक वर्ष सकिन करिव २० दिन बाँकी हुँदा समेत सरकारले सरकारको नीति तथा कार्यक्रम ल्याउन सकेको छैन । प्रत्येक आर्थिक वर्ष शुरु हुन अगाडि सरकारले वर्षभरिमा के के गर्ने भनेर आफ्नो नीति र कार्यक्रम ल्याउने चलन सबै मुलुकहरूमा भए पनि प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिने भएपछि माकुने सरकारले नीति तथा कार्यक्रम ल्याउने प्रयास गरेको छैन । सरकारले एक आर्थिक वर्ष भित्र गरिने प्रमुख कार्यहरू र त्यसलाई सफल बनाउन आर्थिक वर्षको अन्त्यमा बजेट आयव्यय संसद मार्फ् सार्वजनिक गर्ने परम्परा रही आएको छ । सरकारको नीति तथा कार्यक्रमलाई महत्व दिनैको लागि सरकारको नीति तथा कार्यक्रम राष्ट्रप्रमुखबाट संसदमा प्रस्तुत गरिने प्रचलन विश्वव्यापी रुपमा रहेको छ ।

जेष्ठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि एक वर्षका लागि थप्न तीन दलहरू नेपाली कांग्रेस नेकपा एमाले र एकीकृत माओवादीबीच भएको तीन बूँदे सहमतिमा प्रधानमन्त्रीले अविलम्ब राजीनामा दिने सर्त समेत परेको र अन्य दुई विषयहरूमा माओवादीले ठोस रुपमा प्रतिबद्धता जनाउनु पर्ने विषय भए पनि



दलहरूकै कारण उक्त तीन बुँदे सहमति कार्यान्वयन नभएको हुनाले मुलुकमा सरकार भए पनि सरकार नभएको (बाँकी अन्तिम पेजमा)

## कांग्रेस फेरि विभाजित हुन सक्ने

अभियान संवाददाता

काठमाडौं / संविधानसभाको पदावधि जेठ १४ गत मध्यरातमा थपिएपछि राजनैतिक दलहरूमा आपसी द्वन्द्व थपिएको छ । प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिने निश्चित भएपछि खास गरेर तीन ठूला दलहरूमा कसले नेतृत्व लिने भन्ने विवाद उत्पन्न भएको छ । एकीकृत नेकपा माओवादीले विगत एक वर्षदेखि आफ्नै नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउनु पर्ने माग गर्दै सडकदेखि सदनसम्म आन्दोलन गरिरहेको अवस्थामा अहिले अर्को सत्ताधारी दल नेपाली कांग्रेस समेत विवादमा मुछिएको छ । संसदीय दलका नेता रामचन्द्र पौडेल र वरिष्ठ नेता शेरबहादुर देउवा मध्ये कसले सरकारको नेतृत्व गर्ने भन्ने विषयमा विवाद उत्पन्न भएको हो ।

एकीकृत नेकपा माओवादी पछि नेपाली कांग्रेस संसदमा दोस्रो ठूलो दल भए पनि उसले तेस्रो दल नेकपा एमालेलाई यस अघि प्रधानमन्त्रीको पद दिन सहमत भएको थियो । अहिले नेपाली कांग्रेसले अब नेपाली कांग्रेसले नै सरकारको नेतृत्व लिन पाउनु पर्ने तर्क अगाडि सारेपछि एकीकृत नेकपा माओवादी र नेकपा एमाले कुनै (बाँकी अन्तिम पेजमा)

## जुन जोगी आए पनि कानै चिरेको

काठमाडौं । प्रधानमन्त्री माधवकुमार नेपालले २०६७ साल जेठ गते मध्यरातमा भएको तिनदल बीचको तीन बुँदे सहमति अनुसार राजीनामा दिन तयार भएपछि दलहरू बीचमा आपसी द्वन्द्व बढेको हुनाले थपिएको एक वर्ष भित्रमा पनि संविधान बन्न सक्ने कुनै सुनिश्चितता देखिएको छैन । दलहरू बीच आपसी खिचातानी र कलह बढेको छ । माधवकुमार नेपाल नेतृत्वको सरकारले राजीनामा दिएपछि कसले नेतृत्व लिने भन्ने विषयमा दलहरू विभाजित हुन सक्ने अवस्था सिर्जना भएको छ । खास गरेर एकीकृत नेकपा माओवादीले पार्टी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार निर्माण गर्नुपर्ने अडान राखे पनि अन्य दलहरू उक्त अडानप्रति सकरात्मक (बाँकी अन्तिम पेजमा)

## प्रधानमन्त्रीका लागि अमेरिका र दिल्ली

काठमाडौं / सुशील कोइराला रामचन्द्र प्रधानमन्त्री हुनेछन् भनेर अमेरिका हान्निए । केपी ओलीको अमेरिका भ्रमण तय भइसकेको छ । कांग्रेसभित्र शेरबहादुर देउवाले आफैं प्रधानमन्त्री हुनका लागि संसदीय दलमा बहुमत जुटाउँदै छन् भने अब मेरो पालो भनेर अध्यक्ष झलनाथ खनाल अमेरिका र भारतीय राजदूत केलिसी र राकेश सुदसँग भेटघाट बढाउँदै प्रचण्डसँग समर्थनको भीख मागदैछन् ।

यसअघि सुजाता कोइराला र विजयकुमार गच्छदारले दिल्ली भ्रमण गरे प्रधानमन्त्री बन्नका लागि भिंगे दाउ खोलेका थिए । उनीहरू असफल (बाँकी अन्तिम पेजमा)

# अहिले यति मात्र भनौं !!

शाश्वत शर्मा

हरेक वर्ष असार लागेपछि केही सीमित साप्ताहिक र नगण्यरुपमा केही दैनिक पत्र-पत्रिकाहरूमा एउटा समाचार आउने गर्छ । समाचारको शिर्षक हुने गर्छ- पूर्वराजा ज्ञानेन्द्रको ...औं शुभजन्मोत्सव भव्यता पूर्वक मनाउन....को अध्यक्षतामा ......जना महानुभावहरूको ........औं जन्मोत्सव नागरिक मूल समारोह समितिको गठन भएको छ भन्ने । भन्नु पर्दैन यस वर्ष पनि त्रिविका पूर्व उपकूलपति प्रा.डा. गोविन्द शर्माको अध्यक्षतामा करीब पन्द्र/सोह्र सयको संख्यामा लब्ध प्रतिष्ठित (?) महानुभावहरू राखेर कथित नगरिक मूल समारोह समितिको गठन गरिएको छ ।... अब 'अध्यक्षज्यू' (मूल समारोह समितिको) मा वर्षेनी 'चेन्ज' आइरहेता पनि एक जना महा-सचिव चै सदा सर्वदा उही नै रहने गरेका छन् । ती महासचिव हुन- चीर परिचित राधेश्याम थापा !! लाग्दछ, यिनले आजन्म ठेक्का नै पाएका छन्– महा-सचिवको भूमिका निभाउन !!... कति भन्ने ?...कति सम्झाउने ? कहिले पनि चेत खुलेन – 'सम्बन्धित निकाय' को !! के हुन्छ- यस्ता खाले 'शो' गराएर ? ...उपलब्धी के ? हिजो यस्ता खालेहरूले नै बदनाम गराए, आज पनि कुनै कसर बाँकी राख्ने देखिएन त !! फेरि यिनीहरू पनि कस्ता लिच्चड परेछन् कि- 'बालुवाबाट पनि तेल' निकाल्न सक्ने !! राजतन्त्र समाप्त भएको चार वर्ष लाग्न थालि सक्यो, तर अहँ



पूर्व राजा र पूर्व राज-परिवारको नाममा 'खान' छाडेका हैनन् त !! लौ भनौ त, किन पर्यो– यो 'ठगी खाने' समिति बनाउन ? न हिसाब पारदर्शी हुन्छ, न.... ? खाली (पूर्व) राजाको नाम भजायो, चन्दा उठायो, केही महिना सम्मको गर्जो टार्यो । ....(यसपछि ( पूर्व) रानी, (पूर्व) युवराज, (पूर्व) युवराज्ञी, नययुवराज.... कसैलाई पनि 'छाडदैनन्' त- यिनीहरूले ? तर एकथरीको भनाईमा राधेश्यामहरू त निमित्त मात्र हुन् । पर्दा पछाडिका 'नायक' हरू त ( (बाँकी अन्तिम पेजमा)

## पूर्वराजाको...

जनताले 'राजा आऊ देश बचाऊ' भन्ने नारा घन्काउने गरेका छन् । यस्ता लोकका आव्हान देख्दा गणतन्त्र कार्यान्वयन र हिन्दू धर्मको अवसान गरेर राजनीतिक दलहरूले ठूलै भुल गरेछन् भन्न सकिन्छ ।

हुन पनि जनताले निरकुंशताको अन्त्यका लागि जनादेश दिएका थिए । राजनीतिक दलहरूले सर्वसत्तावादी चरित्र देखाएर राजतन्त्रको अन्मूलन गरे । त्यो अधिकार जनताले दलहलाई दिएकै थिएनन् । त्यसमाथि जेठ १४ गते संविधानसभाको वैधानिकता पनि समाप्त भएको छ । यी घटनाक्रमले पनि राजतन्त्रको पुन:स्थापना आवश्यक देखिएको छ । अन्य क्षेत्र झैं पूर्वाञ्चलमा पनि आम लोकले राजाको स्वागत र आव्हान गरे भने त्यसको प्रतिध्वानीले राजधानी पनि गुञ्जिने निश्चित छ ।

## संसदमा...

'कब्जा रणनीति' लाई सघाउनु पर्ने सवालले राजनीतिक ध्रुवीकरण चर्कंदै गएको छ । यो ध्रुविकरण रोकिएन भने अप्रिय घटना र हिंसात्मक मोडतिर राजनीतिक अराजकताले छलाङ मार्ने निश्चित छ ।

माओवादीका अध्यक्ष भन्छन्– 'लडाइँ कांग्रेस-एमालेसँग होइन, विदेशी शक्तिसँग चालिरहेको छ ।' मोहन वैद्यले भनेको छन्, गतिरोध समाधानको चावी कांग्रेस-एमालेसँग छैन । यसको अर्थ भारत माओवादीलाई कुनै पनि शर्तमा सरकरको नेतृत्वमा आउन दिन चहान्न भन्ने स्पष्ट भइसकेको छ ।

तैपनि माओवादी पहिले प्रम माधव नेपालको राजीनामा आयो भने अन्य दलहरूमा चलखेल गरेर बहुमत हाँसिल गरेर सरकार बनाउन सकिन्छ भन्ने मानसिकतामा छ । तर, कांग्रेस एमाले माओवादीले रिक्तताको लाभ उठाएर बाहुवली शासन स्थापित गर्न सक्छ भन्ने मानसिक आशंका गरिरहेका छन् ।

जो होस्, जेठ १४ को ३ बुँदे सहमति र संविधानसभाको १ वर्षे करारमा डरलाग्दो दरार परिरसकेको छ । नीति तथा कार्यक्रम र बजेट ल्याउने संसदमा माओकवादीले भोटो ताल्चा ठोकेको छ । फेरि पनि उही आध्यादेश, नीति र बजेट ? किन चाहियो यस्तो संसद र संविधानसभा ?

## साना...

लोहनी, ववन सिंह, रामेश्वरराय यादव, लक्ष्मीकुमारी चौधरी, लक्ष्मणलाल कर्णहरूको समिति निर्माण गरेका छन् । सरकारमा पनि बस्ने, आन्दोलन पनि गर्ने साना दलहरूले अनैकिताको अर्कौ नौंटकी देखाउने भएका छन् । आन्दलोन गर्ने भए साना दलहरूले पहिला सरकारबाट अलग हुने साहास किन गर्न सकेनन् ।

## अधिवेशन...

अवस्था सिर्जना भएको छ । आर्थिक वर्ष सकिन करिब २० दिन बाँकी हुँदा अब नयाँ सरकार बने पनि उसले तत्कालै नीति, कार्यक्रम र बजेट ल्याउन सक्ने अवस्था छैन । नयाँ बन्ने सरकार कुन दलको नेतृत्वमा बन्दछ र कुन नेता प्रधानमन्त्री हुन्छन् भन्ने टुंगोसमेत नलागी सकेको अवस्था सिर्जना भएको हुनाले अब श्रावण महिनादेखि सबै तहका कर्मचारीहरूको तलब भत्तालगायतका अन्य सुविधाहरू खान पाउने सुनिश्चितता छैन ।

सरकारले श्रवाण महिनादेखि पेश्कीको रुपमा मात्र आफ्ना कार्यक्रमहरू सञ्चालन गर्न सक्छ । पेश्की बजेट पनि संसदबाटै अनुमोधन हुनु पर्ने कानूनी बाध्यता भएपनि एकीकृत नेकपा माओवादी प्रधानमन्त्री माधवकुमार नेपालले राजिनामा नदिएसम्म संसदसमेत सञ्चालन हुन नदिने अडान राखेपछि वर्षे अधिवेशन बोलाउन समेत सरकारले हिम्मत गरेको छैन । वर्षे अधिवेशनलाई बजेट अधिवेशनका नामले चिनिने भएपनि सरकार आफू बहुमतमा हुँदाहुँदै पनि अधिवेशनको बोलाउन नसक्नु सरकारको अकर्मण्यता र नालाकयकीपन कै उपज हो । यसरी दलहरूको आपसी द्वन्दका कारण अबको बीस दिनपछि अहिलेकै अवस्था रहेमा सरकार पूर्णरुपमा निष्प्रभावी र कार्यक्रमविहीन अनि बजेटबिहीन अवस्थामा पुग्ने प्राय: निश्चित देखिएको चर्चा चल्न थालेको छ ।

## कांग्रेस...

हालतमा पनि नेपाली कांग्रेसलाई सरकारको नेतृत्व दिनु नहुने पक्षमा गएको अवस्थामा नेपाली कांग्रेसभित्रै विवाद हुनु निश्चय पनि स्वयं कांग्रेस र नेपाली जनताको दुर्भाग्यको विषय हो । नेपाली कांग्रेसले आफूले नेतृत्व पाउनु पर्ने माग गरे पनि अन्य दलहरू त्यसमा सहमत नभएको अवस्थामा कांग्रेस भित्र विवाद हुनु कांग्रेस अहिले पनि भावनात्मक रुपमा एक हुन नसक्नु नै हो ।

नेतृत्व आफूले पाउनुपर्ने माग गरेको नेपाली कांग्रेसले आफूले माग गरे अनुसार नेतृत्व पाउने टुंगो नलागिकन आफैंमा विवादित भएपछि दुई कम्युनिष्ट दलहरू एक भएर नेपाली कांग्रेसलाई पाखा लगाउने खेलमा सक्रिय भएका छन् । नौ महिनासम्म सत्ताको बागडोर हातमा लिएको एकीकृत नेकपा माओवादी अहिले जुनसुकै उपाय अपनाएर भए पनि फेरि सत्ताको बागडोर आफ्नै हातमा लिने उद्घोषका साथ अगाडि बढी रहेको अवस्थामा नेपाली कांग्रेसले आफूले सरकारको नेतृत्व पाउनु पर्ने मागसहित अगाडि बढेको छ । त्यसले गर्दा पार्टीभित्र व्यापक विवाद उत्पन्न भएको र नेपाली कांग्रेस भित्र अहिले देउवा पक्ष र पौडेल पक्ष भनेर विवाद सिर्जना भएको हुनाले कतै नेपाली कांग्रेस फेरि विभाजित हुने त होइन भन्ने प्रश्न समेत उब्जिएको छ । पहिला पनि सत्ताकै लागि विभाजित भएको नेपाली कांग्रेस फेरि विभाजित भएको अवस्थामा थपिएको समयमा संविधान निर्माण नहुने प्राय: निश्चित रहेको छ ।

## जुन...

हुन नसकिरहेको बेला नेपाली कांग्रेसले आफ्नै नेतृत्वमा सरकार बन्नुपर्ने पार्टीगत निर्णय गरेपछि दलहरू बीच अविश्वासको वातावरण बनेको हो ।

नेपाली कांग्रेसले एकीकृत नेकपा माओवादी र नेकपा एमालेले पालैपालो सरकारको नेतृत्व गरेका र उक्त दुवै दलहरू असफल सावित भएको हुनाले अवको सरकारको नेतृत्व आफूले पाउनु पर्ने माग अगाडि सारेपछि दुवै कम्युनिष्ट पार्टीहरू कुनै हालतमा पनि नेपाली कांग्रेसलाई सरकारको नेतृत्व दिनु नहुने पक्षमा सहमत भएका छन् । नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल गोप्यरुपमा आफैं सरकारको नेतृत्व लिन माओवादीसँग गोप्य छलफलमा व्यास्त रहेपनि ८ गते मंगलबार खुल्ला रुपमै माओवादी अध्यक्ष दाहालको निवासमा पुगेर अब आफूलाई सहयोग गर्नु अध्यक्ष दाहाललाई प्रस्ताव राखेपछि नेपाली कांग्रेस नेकपा एमाले र माओवादीसँग क्रुद भएको छ । संविधानसभामा क्रमश: एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमाले पहिलो दोस्रो र तेस्रो पार्टी रहेका छन् । यी तिनै दलहरूको हठ र अकर्मण्यताले गर्दा मुलुक विगत दुई वर्ष देखि अनिर्णयको बन्दी बनीरहेको बेला फेरि यिनै असफल नेताहरूकै कारण मुलुक गृहयुद्धमा फस्न सक्ने अवस्था सिर्जना भएको छ । यी तिन दल मध्येका कुनै एक दललाई पाखा लगाए संविधान बन्न सक्ने अवस्था नभएको हुनाले यी तीन दल एकै ठाउँमा आउनुको कुनै विकल्प नभए पनि सत्ताको नेतृत्व आफूले पाउनुपर्ने यी तीन दलको अडानका कारण मुलुक असफल राष्ट्र बन्न सक्ने संकेतहरू देखिन थालेका छन् । मुलुकमा सरकार भए पनि जनताले सरकार भएको अनुभूति गर्न सकेका छैनन् । जनता महंगी, अभाव पानीको हाहाकार लगायतका कतिपय सममस्याहरूसँग जुधिरहे पनि दलहरू भने सत्ताकै पेरिफेरिमा रमाउन थालेका हुनाले जनताले वाध्य भएर भन्नै पर्छ जुन जोगी आए पनि कानै चिरेको ।

## प्रधानमन्त्रीका...

भएपछि माओवादीले ठूलो पार्टी भएको र शान्ति तथा संविधानको ग्यारेण्टी गर्नसक्ने हैसियत रहेकाले बाहिर बाहिर साह्रै विग्रेको भारतसम्बन्ध सुधार्न पार्टी नेतृत्व राजधानीबाट र पार्टीदूत दिल्ली पुगेर दिल्लीलाई अश्वास्त पार्ने अभियान छेडेर संसद केन्द्रीत आन्दोलन गर्ने धम्की दिइरहेको छ । दिल्ली के भन्छ भनेर पोलिट्ब्यूरो बैठक समेत माओवादीले लम्ब्याएको छ ।

प्रधानमन्त्रीका उम्मेदवारका रुपमा सतहमा देखिएका नामहरू हुन्, रामचन्द्र पौडेल, शेरबहादुर देउवा, केबी गुरुङ, केपी ओली, झलनाथ खनाल, प्रचण्ड र डा.बाबुराम भट्टराई । यिनै नामधारी नेताहरूलाई फूटबल बनाएर भारत, अमेरीका र युरोपियन युनियनका कुटनीतिकज्ञहरू साउथ अफ्रिकामा भइरहेको विश्वकप फुटबल खेल झैं नेपालमा प्रधानमन्त्री कप फूटबल खेलिरहेका छन् । यो विदेशी चलखेलमा संलग्न राजनीतिक नेताहरूको नजरमा कतै पनि जनता र राष्ट्रको सार्वभौमिकता प्राथमिकतामा परेको छैन ।

## अहिले...

यस्ता खाले समितिको गठन गराउनेहरू) पशुपति भक्त, सागर तिमिल्सिना र भरतकेशरहरू पो हुन् । भन्नुपर्दा यो समिति त चाकडीका उस्तादहरू, भ्रष्टाचार गरेर खान पल्केकाहरूको मिलिजुली 'प्रोजेक्ट' पो रहेछ । ...हेरौ त ? क-कस्का 'एजेण्ट' बसेका हुन् ? अहिले पनि पूर्व राजाका बारेमा, पूर्व राज-परिवारका सदस्यहरूका बारेमा जनताका माझ नकारात्मक धारणा सम्प्रेषण गर्न गराउन उद्यत पो छन् त– यिनीहरू । बरु यो ठगी खाने समिति बनाएर 'जबर्जस्ती' शुभजन्मोत्सव मनाउनु भन्दा, (पूर्व) राजाको निवासलाई असार २३ गतेका दिन यति घण्टा मात्र खुल्ला भनेर छाडि दिऔं त । बरु त्यस बेला स्वतफूर्त ढङ्गबाट आएका नेपालीहरूलाई हेरेर दङ्गदास परौ न !! ... किन चाहियो यो 'ठगी समिति' ? ...अब पनि उही पञ्चे पारा ? असार २३ गते नेपाली जनता स्वतफूर्त ढङ्गले 'निर्मल निवास' आउँछन् । तर, 'जस' लिन्छन्– श्रीमान् राधेश्यामहरूले । ...पैसा उठायो, खल्तीमा राख्यो देखाउनका लागि, खर्च गरेको झै गर्नका लागि काम न काजको 'ब्याच' बाँड्यो खेल खत्तम, काम खत्तम । ...नेपाली जनता आउँछन् आफूखुशीले, तर 'जस' लिन्छन् पशुपति, सागर, राधेश्याम, भरतकेशरहरूले !! ... फेरि चाकडी पनि कति गर्ने ? फेरि 'सम्बन्धित निकायले' पनि भो अब अति नगर भन्नु पर्नेमा हरेक वर्ष समितिमा 'बस्ने' महानुभावहरूको संख्या थप्न लगाएर यो के गर्न खोज्या ? अस्ती एक जना मित्र आफ्नो नाम पनि उक्त ठगी टोलीमा समावेश भएको देख्दा अचम्म परिरहेका थिए ।... न एक वचन सोध्नु छ, ...न यस्तो यस्तो 'कार्यक्रम' दिन लागिया छ भनेर भन्नु छ । कसैको नाम थाह पायो कि संख्या बढाउन समितिमा हाली हाल्यो !!...अब आर्को रमाइलो कुरा, यो भन्दा अघिल्लो सालमा हो कि ? अझ त्यो भन्दा अघिल्लो मा हो ? एक जना परलोक गई सकेका 'महानुभाव' पनि परेछन्, नागरिक मूलसमारोह सममितिमा !! 'संख्या' बढाउने क्रममा त्यस्तो भएको हुनसक्छ । कति ठग्छौ ? कति झुक्याउँछौं ? अब त सच्चिऊ !! अब त जेमन्त नगर न !! अब चाकडी को होइन, 'प्रभू' लाई सच्चा साथको आवश्यकता छ । 'प्रभू' लाई फोस्रो जय जयकारको होइन कि, उस्तै परेका बेला ज्यान दिन सक्ने 'महानुभाव' को आवश्यकता छ । ...कथित नागरिक मूल समितिका जल्दाबल्दा सदस्यज्यूहरू– परेका बेला 'प्रभु' का लागि 'ज्यान' दिन सक्नु हुन्छ ? आइलागेका बेला देशका लागि जस्तो सुकै बलिदानी दिन सक्नु हुन्छ ? ...देखियो, भोगियो, ०४६ सालमा, २०६२-०६३ सालमा.. २०६४ साल जेठ १४मा सब देखियो !! कहिले सुध्रीने हुन् ? ...कहिले चाकडी प्रथा र भष्टाचारको अन्त्य हुने हो ? अन्त्यमा 'श्री पशुपतीनाथ ले हामी सबैको कल्याण्ड गरुन् अज नेपाल !!' अहिले यति मात्र भनौं ।

घरेलु हिंसा–अपराधको जघन्य प्रकार
सबैले मिलि गरौं यसको प्रतिकार ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

हार्दिक बधाई

हाम्रा परममित्र भरतप्रसाद पुडासैनी वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत पर्ने भू तथा जलाधार संरक्षण विभागको महानिर्देशक पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई दिँदै उहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

देवेन्द्र चुडाल
तथा
अभियान साप्ताहिक
परिवार

SINCE 1890
San Miguel BEER

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# असफल राष्ट्र बनाउन दलहरू नै उद्धत

२०६७ साल जेठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि एक वर्ष थपिए पनि संविधानसभाको पदावधि थप्न सहमत भएका तीन ठूला दलहरू अहिलेसम्म आफैले गरेको सहमतिमा सहमत हुन नसकेपछि मुलुक नै अहिले अनिर्णयको बन्दी बनेको छ । प्रत्येक राजनैतिक दलहरू एक आपसमै आरोप प्रत्यारोपमा उत्रिएका छन् । संविधानसभामा सबैभन्दा ठूलो दल भएको एकीकृत नेकपा माओवादीसमेत आपसी द्वन्द्वमा फसेको छ । माओवादी अहिले आफ्ना अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सहमतिको सरकार बनाउनु पर्दछ भन्ने मागमा अडिग रहेको छ भने नेपाली कांग्रेस र नेकपा एमाले माओवादीको मागमा सहमत हुन नसकेपछि जेठ १४ गते भएको तीन दलबीचको तीनबूँदे सहमति अहिले बीच सडकमा छरपस्ट भएको छ । खास गरेर मुलुकका तीन ठूला दलबीच राजनैतिक सहमति हुन नसेक पछि तीनै दलका कारण मुलुक कतै असफल राष्ट्र त हुने होइन भन्ने आशंकासमेत उब्जिएको छ ।

जेठ १४ मा भएको तीन दलबीचको सहमतिका सबै बूँदाहरूलाई एकै साथ कार्यान्वयन गरिएको खण्डमा त्यसले सार्थकता पाउन सक्छ ती तीनबूँदा मध्येका एक बूँदालाई छाडेर दुई बूँदामात्र कार्यान्वयन गरिएको खण्डमा त्यो सहमति भएनुसारको कार्य हुन सक्दैन । तीन दलले आफूहरू बीच भएको सहमतिलाई कार्यान्वयन गर्ने कुरामा अहिले आएर दलहरूले हानथाप गर्नु फेरी थपिएको समयमा पनि संविधान बनाउन नसक्नु हो । माओवादीले पहिला प्रधानमन्त्रीको राजनीनामा मागी रहेको छ भने अन्य दलहरू सहमति भएका तीनै बूँदा एकैसाथ कार्यान्वयन गर्नु पर्ने अडानमा कायम रहेका छन् । शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने सबै दलको चहान हो भने पहिला माओवादीका पूर्व लडाकूहरूको समायोजन र व्यवस्थापन, कब्जामा लिएको घर जग्गा सम्पीत्त फिर्ता हुनै पर्ने आवश्यकता भएको छ । एउटा पार्टीसँग निजी सेना हुने अवस्था रहेसम्म त्यस्तो पार्टी नागरीक पार्टी बन्न सक्दैन भन्ने हेक्का माओवादी नेतृत्वले राख्न सकेको खण्डमा नयाँ सरकरको बाटो खुल्ने विश्वास हामीले राखेका छौं ।

नौ महिना सम्म एकीकृत नेकपा माओवादीले सत्ताको बागडोर समालेकै थियो । आफ्नो असफलता र अकर्मण्यतालाई लुकाउनैको लागि उसले बाध्य भएर राजीनामा दिएपछि संसदबाटै गठन भएको माधवकुमार नेपाल नेतृत्वको सरकार पनि अहिले असफल सावित भएको छ । माधवकुमार नेपाल नेतृत्वको जम्बो मन्त्रिपरिषद्का कारण मुलुकमा भ्रष्टाचार बढेको छ । राजनैतिक दलहरूबाट हुने हस्तक्षेपले गर्दा कर्मचारीतन्त्र भ्रष्ट र नालायक बन्न पुगेका छन् । त्यसमा पनि शान्ति सुरक्षाको ठेक्का लिएर बसेको नेपाल प्रहरी, राजनैतिक हस्तक्षेपका कारण उ पङ्गु भएको छ । मुलुकमा उत्पन्न भएको संकटकालीन अवस्था देखाउँदै प्रहरी प्रशासन आफ्नो जिम्मेवारीबाट उम्कने प्रयास गरिरहेको छ । राजनैतिक हस्तक्षेप र दलगत स्वार्थका लागि नेपाल प्रहरीलाई सञ्चालन गर्न खोजीएकै कारण नेपाल प्रहरीले आफूले सोचेअनुसारको सफलता पाउन सकेको छैन । हाल तराईमा १०८ वटा सशस्त्र हतियारधारी समूह सक्रिय भएका छन् । ती कति समूह राजनैतिक समूह हुन् र कुन अपराधी समूह हुन भनेर प्रहरी प्रशासनले पहिचान गर्न नसकेको अवस्थामा कसरी मुलुकमा शान्ति सुरक्षा बहाली हुन्छ ?

प्रत्येक पटक नयाँ सरकरको गठन पश्चत नेपाल प्रहरीभित्र व्यापक चलखेल बढ्ने गरेको छ । अहिले फेरी गृहमन्त्री नयाँ आउन सक्ने भएको हुनाले केही भ्रष्ट प्रहरीहरू अहिले देखिनै राजनैतिक नेताहरूकोमा धाउन थालेका छन् । सम्भावित गृहमन्त्रीको नाम चलेका व्यक्तिहरूकहाँ प्रत्येक दिन नेपाल प्रहरीका उच्चतहका व्यक्तिहरू धाउन थालेपछि त्यहीबाट भ्रष्टाचारको जन्म हुने प्रायः निश्चित रहेको छ । आफूले सहयोग गरेको व्यक्ति गृहमन्त्री भएको अवस्थामा त्यसैलाई माध्यम बनाएर राम्रो कमाइ हुने ठाउँमा सरुवा हुने र कमाइएको केही हिस्सा मन्त्रीलाई सम्म बुझाउने गरेको चर्चा बेला बेलामा चल्ने गरेको छ । अहिले पनि गृहमन्त्री भीम रावलको पेलाइकै कारण प्रशासन पङ्गु बनेको हामीले ठानेका छौं । राजधानी जस्तो ठाउँमा नै प्रहरी प्रशासन शान्ति सुरक्षा बहाली गराउन असमर्थ रहेको छ । मुलुकका विभिन्न ठाउँमा दिन दहाडै हत्या हिंसा भएको छ, जनकपुरमै मात्र हालै पाँच दिनमा पाँच जनाको हत्या भएको छ तर, त्यसको जिम्मेवारी कसैले लिएको छैन, किन ? के प्रजातान्त्रिक मुलुकहरूमा नैतिकताको मुल्य सकिएको हो त भन्ने हामीले महसूससमेत गरको छौं । मुलुकमा शान्ति सुरक्षा वहाली होस र कसैले अकालमा ज्यान गुमाउनु नपरोस भन्ने हाम्रो कामना मात्र हो ।

# पेश्कि बजेट पास गर्न माओवादी सहमत हुने !

– देवेन्द्र चुडाल –

दलहरू आन्तरिक द्वन्द्वमा फेसी पनि एक अर्का पनि आरोप प्रत्यारोपमा उत्रिए पनि अन्त्यमा गएर जेठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि एक वर्षका लागि लम्ब्याइएपछि राजनैतिक दलहरू बीच सहमति हुन नसकेको हुनाले मुलुक अनिर्णयको बन्दी बनेको छ । खास गरेर तीन ठूला दलहरू बीच एक-अर्काप्रति अविश्वास बढेकै कारण उनीहरूका बीचमा सहमति हुन नसकेपछि सरकार भए पनि मुलुक सरकारबिहीन अवस्थामा पुगेको छ । प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकार अहिले सरकारका लागि सरकारमात्र भएको छ । सत्ताधारी दलहरूकै नेताहरूले जेठ १४ पछि नेपाल नेतृत्वको सरकार कामचलाऊ सरकार भएको उद्घोष गरेपछि मुलुक अर्को संकटमा फसेको छ । प्रत्येक वर्ष सरकारले ल्याउने गरेको १ वर्षे नीति तथा कार्यक्रम र त्यसलाई पूरा गर्न ल्याइने आर्थिक वर्षको बजेटसमेत संकटमा परेको छ । नेपालले प्रत्येक श्रावण महिनादेखि अर्को आर्थिक वर्ष शुरु गर्ने प्रावधान भए पनि अहिलेसम्म सरकारले आफ्नो नीति तथा कार्यक्रम संसद्मा ल्याउन सकेको छैन । त्यतिमात्र होइन, वर्षे अधिवेशन पनि बोलाउन नसकेपछि अब करिब २०-२२ दिनमा सरकारले आफ्नो नीति तथा कार्यक्रम ल्याएर बजेट पारित गर्नसक्ने अवस्था नभएपछि संसद–को नियमावली नै निलम्बन गरेर बजेट ल्याउनुपर्ने अवस्था दलहरूले सिर्जना गरेका छन् । जेठ १४ गते मध्यरातमा भएको तीन दलबीचको तीनबूँदे सहमतिलाई पालना गर्न तीनै ठूला दलहरू असफल भएपछि उक्त तीन बूँदाहरूको व्याख्या दलहरूले पार्टीगत स्वार्थका लागि गरेका हुनाले सहमति हुन सकेको छैन । एकीकृत नेकपा माओवादीले तीनबूँदे सहमतिका २ बूँदालाई छाडेर प्रधानमन्त्रीको राजीनामाको बूँदालाई मात्र समातेको छ भने नेपाली कांग्रेस र नेकपा एमालेले ३ बूँदे सहमति प्याकेजमै सहमति र कार्यान्वयन हुनुपर्ने अडान राखेका छन् । यसरी यिनै तीन दलले गर्दा मुलुक अहिले अनिर्णयको बन्दी बनेको छ ।

संविधानसभामा सबैभन्दा ठूलो दल भएको एकीकृत नेकपा माओवादीले माधवकुमार नेपाल प्रधानमन्त्री भएकै दिनदेखि उनलाई रिमोटबाट सञ्चालन हुने कठ्पुतलीको संज्ञा दिएर सदनदेखि सडकसम्मको आन्दोलन गरेर आफूले सत्ताको बागडोर पाउनुपर्ने माग राख्दै संघर्षमा उत्रिएपछि एक प्रकारले मुलुक सरकारबिहीन अवस्थामा पुगेको छ । माओवादीको नेतृत्वले कहिले नागरिक सर्वोच्चताको कुरा त कहिले राष्ट्रिय स्वाधीनताको मुद्दा उठाएर जनतालाई आफ्नो पक्षमा पार्ने प्रयास गरे पनि पछिल्लोपटक, अर्थात् वैशाख १९ गतेदेखि गरेको अनिश्चितकालिन आमहड्ताका विरुद्ध जनता सडकमा उत्रिएपछि माओवादी अब सडक आन्दोलनभन्दा संसद् नै अवरुद्ध गरेर माकुने सरकारलाई संकटमा पारेर सत्ता परिवर्तन गर्ने पक्षमा पुगेको छ । नयाँ आर्थिक वर्ष शुरु हुन २०-२२ दिनमात्र बाँकी रहँदासमेत सरकारको आयु सुरक्षित नभएको र अर्को सरकार गठन हुने निश्चित नभएको हुनाले श्रावण महिनादेखि पेश्की बजेट ल्याएर दैनिक खर्च चलाउनुपर्ने बाध्यतामा सरकार पुगेको छ । ६०१ सभाषद्हरूलाई तलबभत्ता दिनकै लागि भए पनि माओवादीले पेश्की बजेट भने पारित गराउन सहयोग गर्नसक्ने अनुमान सजिलै गर्न सकिन्छ । अन्य सबै कुरामा विभिन्नखालका बखेडा निकालेर संसद् अवरुद्ध गरे पनि खाने बेलामा सबै दलहरू एकै ठाउँमा आउने परम्परा नेपालमा रहँदै आएको र गतसाल पनि संसद् अवरुद्ध पारेको एकीकृत नेकपा माओवादीले पेश्की बजेट ल्याउन संसद् सुचारु हुन दिएको थियो, त्यसरी पेश्की बजेट ल्याउन दिनुको अर्थ उसले सरकार र जनतालाई माया गरेको नभएर संविधानसभामा सबैभन्दा बढी सदस्य भएको हुनाले आफ्नै सभाषद्हरूलाई तलबभत्ता दिलाउनैका लागिमात्र हो ।

संविधानसभामा उपस्थित भएका पच्चीस दलहरू मध्येका तीन ठूला दलहरूको अकर्मण्यता र नालायकीपनको भार नेपाली जनताले बोकिरहनु परेको छ । जेठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि थप्न तीन दलबीच भएको सहमति कुनै ठोस् कार्यविना नै भएको ओठे सहमतिमात्र हो । मूल समस्याहरूलाई पाखा लगाएर झिना-मसिना कुराहरूमा मात्र सहमति गरिएको हुनाले अहिले त्यो सहमतिले ठोसरुप लिन नसकेको प्रमाणित भएको छ । दुई वर्षसम्म संविधान निर्माण हुन सकेन, कुन कारणहरू बाधक रहेका छन्, ती बाधा-अड्चनहरूलाई कसरी पार लगाउने भन्ने विषयमा छलफल र बहसै नगरी एकाएक मध्यरातमा पार्टीगत खर्चका लागि गरिएको तीन दलको तीनबूँदे सहमति अहिले बीचबाटोमा हराएको छ । तीन दलहरूले आ-आफ्नो स्वार्थअनुरुप त्यसको व्याख्या गर्दै तीन दलहरू नै एक-अर्काप्रति आरोप-प्रत्यारोपमा उत्रिएका छन् । तीनबूँदे सहमति हुँदा तीन दिन, पाँच दिनभित्रमा कार्यान्वयन हुन्छ भन्ने नेताहरू अहिले महिना दिन पुग्नलाग्दा पनि सहमतिमा आउन नसकेका हुनाले हाम्रा राजनैतिक दलका नेताहरू सहमति र समझदारी गर्न माहिर छन्, तर कार्यान्वयन गर्न सक्दैनन् वा कार्यान्वयन गर्न असक्षम छन् भन्ने प्रमाणित भएको छ । सहमति गरेपछि त्यसलाई कार्यान्वयन गर्नु राजनैतिक नेताहरूको धर्म हो र राजनैतिक चरित्र पनि हो, तर नेताहरूमा न त राजनैतिक धर्म देखिएको छ, न त चरित्र नै ? अहिले सहमति गर्ने तीनै दलका नेताहरू एक-अर्कालाई पाखा लगाएर आ-आफ्नो स्वार्थपूर्ति गर्ने क्रममा लागेका छन् । तीनै दलका शीर्ष नेताहरू बीच अनैपचारिक छलफल र बहस हुँदा त यस्तो हालत छ भने २०६३ साल वैशाख ११ गते तत्कालिन श्री ५ ज्ञानेन्द्रसँग भएको सहमति कसरी पालना हुन्थ्यो ? तत्कालिन श्री ५ ज्ञानेन्द्र दलका नेताहरूसँग झगडा गर्न आउँदैन थिए, उनले दलका नेताहरू माथि विश्वास गरेर सहमतिअनुसार कार्य अगाडि बढाउने आशा लिएका भए पनि मौका पर्नासाथ दलहरूले तत्कालिन श्री ५ ज्ञानेन्द्रसँग भएको लिखित सहमतिलाई धोती लगाइदिए । मुलुकमा रगतको खोले नबगोस् र सबै नेपाली जनताले शान्तिपूर्ण जीवन बिताउन पाउन् भनेर नै तत्कालिन श्री ५ ज्ञानेन्द्रले हाँसी-हाँसी गद्दी त्याग गरे । तर, ठीक त्यसको उल्टो दलका नेताहरू अहिले सत्ताप्राप्तिका लागि तँ छाड मछाड गरी एकले अर्कालाई सिध्याउने खेलमा लागेका छन् । २०६२/०६३ मा भारतको राजधानी नयाँदिल्लीमा भएको १२ बूँदे सहमति नै समस्याको जड हो भन्ने हेक्का दलका नेताहरूले राख्न नसकेकै कारणले मुलुकमा तोकिएको समयमा संविधान बन्न नसकेको हो । छिमेकी मुलुकमा गएर उसैलाई साक्षी साखेर उसैले तयार पारिदिएको १२ बूँदे सहमतिमा हस्ताक्षर गर्ने तत्कालीन सात दलका नेताहरू र एकीकृत नेकपा माओवादीका नेताहरू नै अहिलेका समस्याका प्रमुख बाधक हुन् । १२ बूँदे सहमति १९५० को सन्धिभन्दा खतरनाक सहमति हो, यसले भविष्यमा मुलुकलाई ठूलो दूरगामी असर पार्ने भएको हुनाले पहिले त्यो १२ बूँदे सहमति र त्यसअनुसार भएका सबै सहमति र समझदारीहरूको खारेजी हुनु आवश्यक रहेको छ । त्यही १२ बूँदे सहमतिअनुसार नेपालमा भारतको चलखेल व्यापकरुपमा बढेको छ । गरीब नेपाली जनतालाई पैसाको प्रलोभन देखाएर आफ्नो स्वार्थ पूरा गर्ने खेलमा भारत सक्रिय भएर मान्त्रिपरिषद्को बैठकबाट आफूले चाहेअनुसारका निर्णय गराउन भारत सफल भएको एमआरपी (पासपोर्ट) काण्डले नै प्रमाणित गर्दैन र ?

यसरी मुलुकलाई विदेशीहरूको चलखेल गर्ने अड्डाका रुपमा विकसित गर्दासमेत दलहरूले त्यसका विरुद्ध जनतालाई जागरुक बनाउनुको सट्टा तिनै जनतालाई ढाँटेर पार्टीगत स्वार्थका लागि अगाडि बढ्नु भनेको नेपाली जनताको दुर्भाग्य हो । सार्वभौमसत्ता सम्पन्न भनिने नेपाली जनतालाई ढाँट्ने अधिकार कुनै पनि राजनैतिक दल र तीनका नेताहरूलाई छैन । अहिले संविधानसभाका अध्यक्ष फेरि जनतालाई ढाँट्न उद्दत रहेका छन् । संविधानसभाका नेता भनेका त्यसका अध्यक्ष नै भएको हुनाले उनले जनतालाई आघात पारेको खण्डमा सिङ्गो संविधानसभाले आघात पारेको मानिनु पर्दछ । संविधान निर्माणका लागि अहिले जेठ १४ पछिको झण्डै एक महिनासम्ममा कुनै पनि कार्य अगाडि बढ्न सकेको छैन । दलहरू बीच धेरै बूँदाहरूमा सहमति हुन सकेको छैन, प्रदेशको विभाजन, आर्थिक स्रोतको बाँडफाँड, न्यायालयको स्वरुप, संविधानको व्याख्या, कति प्रदेश, संसद् कति तहको हुने, न्यायाधीश कसरी नियुक्त गर्ने र राष्ट्रपतीय प्रणाली कि प्रधानमन्त्रीय प्रणालीजस्ता धेरै मुद्दाहरूमा सहमति हुन नसकिरहेको अवस्थामा संविधानसभाका अध्यक्षले त्यसतर्फ ध्यान दिएर ती मुद्दाहरू मिलाउनुको सट्टा उनी उद्घाटन, शिलान्यास, विमोचनजस्ता कार्यमा सरिक भएर संविधान निर्माणको कार्य ८० प्रतिशत सकियो भनेर कुर्लिरहेका छन्, के साँच्चिकै संविधान निर्माणको कार्य ८० प्रतिशत सकिएको भए किन संविधानसभाको पदावधि एक वर्षका लागि थपियो त ? यो नै अध्यक्षको झूठको पोल खुलेको होइन त ? यसरी अध्यक्षबाटै जनातालाई ढाँट्ने कार्य भएको र उनी संविधान निर्माण गर्न असफल सावित भएका हुनाले किन उनले पद त्याग नगर्ने ?

# अपराधीलाई राजनीतिक संरक्षण दिन बन्द गरौं

**- *नागेन्द्रकुमार कर्ण***

जनकपुरका संचारउद्यमी अरुणकुमार सिंघानियाको हत्याको विरोधमा अहिले सम्पुर्ण संचारजगत नै आन्दोलित भएका छन्। हत्यारालाई कारवाही गर्नुपर्ने, संचारउद्यमी लगायत मिडिया हाउसको सुरक्षा दिनुपर्ने लगायतका माँग राख्दै संचारजगत आन्दोलनमा उत्रेको हो। साँच्चिकै भन्नुपर्दा संचारउद्यमी न भइदिएको भए के पत्रकार जन्मिन्थ्यो र ? संचारउद्यमी बिनाको पत्रकार भन्नु पानी बिनाको माछा जस्तै हो। जो निष्किृय हुन्छ। कुनै कामको हुँदैन्। उसको कुनै अस्तित्व नै हुँदैन। पानी बिनाको माछाको परिकल्पना समेत कठीन छ। यो भन्नुको तात्पर्य संचार जगत भित्र संचारउद्यमी, पत्रकार, लेखक, वितरक, हकर, विश्लेषक, मिडिया हाउस लगायत सम्पूर्ण पर्दछन्। संचार क्षेत्रमा पुँजी लगाउने नै संचारउद्यमी हुन्। हाम्रो शरिरमा रहेको हरेक अंग जस्तो हात, खुट्टा, औंला, नङ्ग, शरीरका रौं सबैको आ-आफ्नो स्थान, अस्तित्व र बाहुल्यता हुन्छ। ती नभएको शरीर कस्तो हुन्छ तपाईले कल्पना गर्नुस् त ? वा एउटा कुनै अंगमा केही खराबी भयो भने के हुन्छ ? सोच्नुस त ? त्यस्तै नै संचारजगतका लागि ति अंगहरू हुन्। एउटाले पनि काम गर्न छोड्यो भने शरीर रोगी भए झैं संचारजगत पनि अपुरो हुन्छ । तसर्थ शरीरको कुनै एक अंगमा केही भयो भने हामीले सम्पूर्ण शरीरकै उपचार गर्नुपर्छ। त्यस्तै संचारजगतको कुनै पनि एक अंगमा खराबी पुग्यो भने त्यसको असर सम्पूर्ण निकाय माथि पर्छ। संचारजगत माथि आक्रमण भयो भने सम्बन्धित व्यक्तिहरू आन्दोलित हुने गरेका छन् र सिंघानियाको हत्या समेत संचारजगत माथीकै हत्या भएकोले पत्रकार जगत आन्दोलित बनेको हो। यर्थातमा भन्नुपर्दा राज्यको नीति कस्तो हुनुपर्छ ? राज्य संचालनको लागी के कस्तो प्रकृया अपनाउनु पर्छ ? देशको विदेश नीति लगायत अन्य कुराहरू कस्तो हुनुपर्छ ? भन्ने कुराको निर्क्यौल र छलफल गर्ने काम नेताले गर्ने हो। हाम्रो देशका नेताहरू यति अशिक्षित छन् कि वुँझ पचाएर त्यस्तो भनेको मलाई थाहा भएन्। तर जे सुकै भएपनि नेताहरू आफुलाई देशको महान भन्न रुचाउँछन् तर एक संचारउद्यमी माथि हत्या भयो भने चुप लागेर बस्नु भनेको साँच्चिकै नै दुखदायी हो।

'कही नभएको जात्रा हाँडी गाउँमा' भने झैं अहिले नेपालमा दिनानुदिन अपहरण, धम्की, हत्याका प्रयास लगायतका घटनामा बृद्धि हुँदै गइरहेको छ। चार दिनकै अवधिमा देशमा एक उद्यमीको हत्या, एकको हत्याको प्रयास र एकलाई मार्ने धम्की दिइएको छ। होलीको रमझममा सबै रमाइरहेका बेला आत्मिय शैलीमा जनकपुरको व्यस्त बजार शिवचौंकमा दिन-दहाडै संचार उद्यमी अरुणकुमार सिंघानियाको गोली हानी हत्या गरियो। त्यस्तै भरतपुर स्थित मेडिकल कलेज अफ साइन्सका अध्यक्ष नागेन्द्र किसन पाम्पाटीलाई अज्ञात समुहले गोली हानि हत्याको प्रयास गर्‍यो तर उनी सकुशल रहे। यी त उदाहरण मात्र हुन। सिंघानियाको मृत्यु पश्चात अबको रणनीति बनाउन धनुषा र महोत्तरीका पत्रकारहरूको बसेको आपतकालिन बैठकमा जनतान्त्रिक तराई मुक्ति मोर्चा मधेशका केन्द्रीय अध्यक्ष अर्जुन सिंहले एक संचारकर्मीको मोबाइलमा फोन गर्दे टुडेका सम्पादक तथा बी.बी.सीका जनकपुर संवाददाता वृजकुमार यादव र धनुषा जिल्ला विकास समितिका सह-लेखापाल तथा रामानन्द युवा क्लवका पूर्व अध्यक्ष जिवनाथ चौधरीलाई पनि एक हप्ता भित्रै मार्ने खुलेआम धम्की दिएका थिए। जनकपुरको विकास निर्माणको वाधक भएको आरोप लगाउँदै संचारकर्मी लगायत उद्यमीहरूको ज्यान लिने कार्यमा तराईका सशस्त्र समूहहरू लागिपरेका छन्।

जनताको जिउधनको सुरक्षाको जिम्मा लिएको सरकार अहिले निरिह बनेको छ। शान्ति सुरक्षाको स्थित दिनप्रतिदिन खस्किदै गइरहेको छ। दण्डहिनता दिन प्रतिदिन मौलाउँदै गइरहेको छ। मान्छेलाई मारे केही हुँदैन भन्ने मानसिकताको विकास हुँदै गइरहेको छ। सुरक्षा निकायको संचार संयन्त्र, सुचना संयन्त्र विफल भइसकेको अनुभुति भइरहेको छ। सुरक्षा निकाय अहिले पुरै कमजोर भइसकेको देखिएको छ। यदि त्यस्तो होइन भने दिन दहाडै जनकपुरको व्यस्त बजारमा संचार उद्यमी तथा टुडे संचालक बोर्डका अध्यक्ष सिंघानियाको हत्या हुने थिएन। २४ औं घण्टा सो चौंकमा गस्ती गर्ने सुरक्षा निकाय सो दिन कहाँ थिए ? जब की होलीको अवसरमा सुरक्षा गस्ती बढाइएको र सुरक्षा चुस्त दुरुस्त बनाइने गरेको हुन्छ। हत्यारा सिंघानियालाई गोली हानि मोटरसाइकलबाट सुस्तरी नै जिल्ला प्रहरी कार्यालयको बाटो हुँदै गए तर पनि सुरक्षाकर्मीहरूलाई आभाष हुन सकेन। के सिंघानियाको हत्या हुने कुरा सुरक्षानिकायलाई खबर थियो ? यदि थिएन भने हरेक दिन सो चौकमा गस्ती गर्ने सुरक्षानिकाय सो दिन कहाँ थिए ? घटना लगत्तै शव बोकेको एम्बुलेन्सलाई स्कर्टिङ्ग गर्ने सुरक्षानिकायले अपराधीलाई पक्रन किन कसरत गरेन ? होलीको अवसरमा सुरक्षा चुस्त दुरुस्त बनाउनुपर्नेमा के सुरक्षा निकाय आफै रक्सीको नशामा मस्त त थिएनन् ? यि यस्ता अनुत्तरित्त प्रश्नको जवाफ समेत सुरक्षानिकायले दिएको छैन।

एक महिना अघि स्पेशटाइम नेटवर्क प्रा.लि.का संचालक जमिम शाहको हत्या पनि सुरक्षा संवेदनशिल मानिएको राजधानीमै दिन-दहाडै भयो र त्यसै श्रृंखलाको एक कडी जनकपुरमा पनि एक महिनापछि दोहोरियो भने त्यस्को एक दिन नपुग्दै राजधानीकै लाजिम्पाटमा मेडिकल उद्यमी पाम्पाटीमाथि हत्याको प्रयास भयो।

यस्ता घटनाहरू दिनप्रतिदिन घटदै गएपनि सुरक्षा प्रमुखहरू संवेदनशिल नहुनु र सरकारले चासो नदिनुले सरकारको लाचारी र निकम्मापन दर्शाएको छ। संचार संस्थाहरू माथिको यस किसिमको श्रृंखलावद्ध हमलाले संचार गृहहरूलाई असुरक्षित महसुस त गराएको छ नै, साथमा स्वतन्त्र पत्रकारीता माथि पनि कुठाराघात गरिदिएको छ। पेशाकर्मी, श्रमजिवि एवं सर्वसाधारणमा आफ्नो कार्यस्थल देखी वासस्थान सम्मको यात्रामा निस्कदा पनि त्राशको अवस्था सृजना भएको छ। नेपाल पत्रकार महासंघले मुलुकको मुख्य र एक मात्र एजेण्डाको रुपमा रहेको संविधान निर्माणको लागी देशभरि आन्दोलनको तयारी गरिरहेको समयमा भएको यस्ता घटनाहरूबाट संविधान निर्माणको कार्यदिशामा प्रभाव नपार्ला भनेर भन्न सकिन्न्।

लोकतन्त्र पश्चात संचारजगत स्वतन्त्र होला। हामी बाँच्न र लेख्न पाउँछौ भनेर आफ्नो ज्यानको प्रवाह नगरी लोकतन्त्र ल्याउन कम्मर कसेर लागि परेका हामीहरूको सपना अहिले सिसा झैं फुटन लागेको छ। सरकार र लोकतन्त्र प्रति विस्तारै संचारजगतको विश्वास उठदै गइरहेको छ।

गृहमन्त्रालयले तराईमा विशेष सुरक्षा योजनाको ढ्वाङ् फुकि रहदा भएका यस कीसिमका घटनाहरूले सरकारको अर्कमण्यता र अक्षमता दर्शाएको छ। सुरक्षा निकाय शान्ति सुरक्षा प्रति-प्रतिवद्ध हुनुको सट्टा कालावजारी, तस्करीमा सघाउनमै व्यस्त हुने गरेकाले यस कीसिमका घटनाले प्रश्रय पाएको हो। सुरक्षा निकायमा नियम मिचेर सोर्सफोर्सबाट आएका अधिकारीहरूको बाक्लो उपस्थिति र कार्यक्षेत्रमा उनिहरूको चरम गैर जिम्मेवार पनको कारण यस्ता घटनाहरूमा वृद्धि भएको विष्लेषकहरूको दावी छ। सिफारिस गर्ने दल वा नेताको नुनको सोझो गर्ने रोगले सम्पुर्ण सुरक्षा निकाय नै ग्रस्त बन्दै गएको छ। त्यत्ति मात्रै होइन, अपराधिलाई राजनीतिक संरक्षण मिलिरहेको कारण समेत अहिले देशमा दिनानुदिन हिंसा बढदै गएको छ। नेताहरू जबसम्म आफुलाई निष्पक्ष, लोभरहित र जनता प्रति इमान्दार हुँदैनन् तव सम्म हिंसा घटनुको सिवाय बढदै जानेमा दुईमत हुन सक्दैनन्।

नयाँ नेपाल बनाउने सन्दर्भमा सुरक्षानिकाय परिवर्तन नभएको आभाष भेटिएको छ। तसर्थ सुरक्षा निकायले सोर्सफोर्स र चाकरी प्रथाबाट मुक्त भई आफ्नो क्षमतानुसार जनताको सेवा, सुरक्षा गर्नु आवश्यक छ। जनताको रगत र पसिनाबाट पालिएका सुरक्षानिकायले नमक हलाली नगरी नुनको सोझो गर्नु आजको आवश्यकता हो। *(मधेश दपर्ण फिचर सेवा)*


## सिंचाइ गरौं, उत्पादन बढाऔं

## सिंचाइ दिनै पर्ने संक्रमिक अवस्था

***धान बाली***

**औषत उपभोग्य पानी** : ९०-१५० से.मी.
**औषत बाली अवधि** : १००-१२० दिन
**पानी नभइ नहुने अवस्था** : बाली बढ्ने समय
डोलाउँदा
फूल फुल्दा
दूध पस्दा
बाली बढ्ने र घुँडासम्म हुँदा
करीब ५० प्रतिशत
धानचामरा हुँदा
दाना लाग्दा
दाना पाक्ने

***उखु***

**औषत उपभोग्य पानी** : २७०-३६५ से.मी.
**औषत बाली अवधि** : १५०-२५० दिन
**पानी नभइ नहुने अवस्था** : विरुवा विकास समय
वनस्पति वृद्धि गाँज राख्दा
काण्डको विकासमा

***गहूँबाली***

**औषत उपभोग्य पानी** : ४५-६५ से.मी.
**औषत बाली अवधि** : ११०-१३० दिन
**पानी नभइ नहुने अवस्था** : क्राउन जरा निस्कँदा
गाँज हाल्दा
आँख्ला गर्दा
फूल फुल्दा
दूध पस्दा

***तोरी***

**औषत उपभोग्य पानी** : ३५-४५ से.मी.
**औषत बाली अवधि** : ९०-१२५ दिन
**पानी नभइ नहुने अवस्था** : विरुवा वृद्धि समय
फुल फुल्नु अगावै
कोशा लाग्दा
सम्भव भएमा ४-६ पात आउँदा, फूल फुल्दा, दाना लाग्दा पानी दिनु उपयुक्त हुन्छ।

***मकै***

**औषत उपभोग्य पानी** : ५०-८० से.मी.
**औषत बाली अवधि** : ९०-१२० दिन

***गोलभेंडा***

**औषत उपभोग्य पानी** : ९०-१४० से.मी.
**औषत बाली अवधि** : ४०-६० दिन
**पानी नभइ नहुने अवस्था** : विरुवा वृद्धि समय
फूल फुल्ने समय

***जुट बाली***

**पानी नभइ नहुने अवस्था** : विरुवा विकास समय
काण्डको विकासमा
फूल फुल्दा
*(पानी नभइ हुँदैन)*

***मुंग***

**औषत उपभोग्य पानी** : करीब ४० से.मी.
**औषत बाली अवधि** : ९०-१०० दिन
**पानी नभइ नहुने अवस्था** : उम्रँदा
फूल फुल्दा
फल लाग्दा

***आलु***

**औषत उपभोग्य पानी** : ५०-७० से.मी.
**औषत बाली अवधि** : १००-१५० दिन
**पानी नभइ नहुने अवस्था** : बाली वृद्धि अवस्था
तान्द्रा बन्न
दाना लाग्दा
*(खडेरी सहन सक्दैन)*

***सूर्यमुखी***

**औषत उपभोग्य पानी** : ९०-१३० से.मी.
**औषत बाली अवधि** : ६०-१०० दिन
**पानी नभइ नहुने अवस्था** : विरुवा वृद्धि सयम
फूल फूल्नु अगावै
*(वर्षे बालीभन्दा हिउँदे बालीमा पानी बढ्ता चाहिन्छ)*

**सिंचाइ मन्त्रालय**
**सिंचाइ विभाग**
**जावलाखेल, ललितपुर**
**फोन : ५५३७१३६**
**ईमेल :** irrigation@wlink.com.np, www.doi,gov.np

# The Plight of Indian Caste System

**By Sajjad Shaukat**

One the one hand, modern India prides itself on how it has transcended its most rigid traditions and beliefs which are part of its caste system, while on the other, the plight of Indian caste system has produced grave results.

Although apparently, India claims to be the largest democracy, acting upon the principles of liberalism, yet in practice, all political, economic and social fields of the country are divided on the caste lines. In this regard, Tim Sullivan of the Associated Press wrote, "There's a lot of lip service to saying 'I'm an Indian first, and 'I' do not believe in caste," said D'Souza, a prominent campaigner for dalits, as India's "untouchables" at the very bottom of the caste system are now known. Sullivan further elaborated, "When it comes to sharing power, to interaction and to sharing social status, low-caste Indians are very much marginalized."

Education and election to political office have advanced the status of many Dalits, but the overall picture remains one of great inequity. In recent decades, Dalit anger has been expressed in writings, demonstrations, strikes, and the activities of such groups as the Dalit Panthers, a radical political party demanding revolutionary change. A wider Dalit movement, including political parties, educational activities, self-help centers, and labor organizations, has spread to many areas of the country.

If someone goes to any office for job, question will be asked, "what is your caste?" people belonging to the lower caste are ignored at the cost of the superior caste. Hence, various departments and fields of India have adjusted the persons of the superior caste. Thus a system has emerged, which reflects India's elite, energized caste-based political parties and left in doubt millions of government jobs and university slots which have little place for the people of the lower caste.

Based upon sharp discrimination, the caste system of the Hindu custom that has divided people in a strict social hierarchy based on their family's traditional livelihood and ethnicity deeply prevails in the country. In this respect, the major issue of New Delhi is its inability to come to terms with this basic form of discrimination.

As regards politics, India's most powerful caste politicians believe that with the help of the establishment, they could use the census data for votes and government funding. In this context, a prominent Indian political expert, Pratap Bhanu Mehta pointed out in the Indian Express: "At one stroke, it trivializes all that modern India has stood for, and condemns it to the tyranny of an insidious kind of identity politics."

The plight of the Indian caste system is that the founders of modern India, who themselves belonged to nearly all high caste were staunch believers in a caste-blind societyýÿwhile many would have been surprised, if one of their children had married a dalit.

Barun Mitra of a New Delhi-based research center indicated, "No one denies that there are a lot of problems in India that there is social discrimination." Like many critics, he also worries about the rise of the caste-based politicians. In addition Mitra explained, "What purpose would it serve by drawing and redrawing the identity, particularly when it is politically motivated?"

India claims that in recent decades, some of the sharpest edges of caste traditions have been softened by urbanization and economic growth, but in reality, there are powerful superior-caste politicians and business people who play hell with those who come of low-caste families.

As a matter of fact, caste system remains a deeply felt part of Indian life. Brahmins, the most superior caste, still dominate everything from politics to journalism, while low-caste Indians and dalits face daily challenges for decent schools, medical care and jobs.

Regarding Indian caste system, a study indicates, "Caste is part of every social agenda, every political agenda…even when someone is considering a neighborhood, caste is an important consideration."

In this connection, most regrettable dimension is that a new generation of politicians and businessmen are also biased against the people of lower caste.

India which claims to be a secular state, showing equality, human rights and justice has broken all the records of violence, genocide and massacre against people of the lower castes. It is because of these atrocities and injustices that Indian home-grown terrorism is on rise.

Caste has undergone significant change since independence, but it still involves millions of people. In its preamble, Indiaam:'s constitution forbids negative public discrimination on the basis of caste. However, caste ranking and caste-based interaction have occurred for centuries and will continue to do so well into the foreseeable future.

Castes are ranked and named groups, membership of which is achieved by birth. There are thousands of castes and subcastes in India, and these large kinship-based groups are fundamental to the country's social structure. Each caste is part of a locally based system of interdependence with other groups, involving occupational specialization, and is linked in complex ways with networks that stretch across regions and throughout the nation.

India's complex society includes some unique members--sadhus (holy men) and harijans (untouchables). Such people have stepped outside the usual bonds of kinship and caste to join with others in castelike groups.

In India, several hundred thousand Hindu and Jain sadhus and a few thousand holy women (sadhvis) live an ascetic life. They have chosen to wear ocher robes, or perhaps no clothing at all, to daub their skin with holy ash, to pray and meditate, and to wander from place to place, depending on the charity of others. In their new lives as renunciants, they are devoted to spiritual concerns, yet each is affiliated with an ascetic order or subsect demanding strict adherence to rules of dress, diet, worship and ritual pollution. Within each order, hierarchical concerns are exhibited in the subservience novitiates display to revered gurus. Further, at pilgrimage sites, different orders take precedence in accordance with an accepted hierarchy.

The most extreme sadhus eat food provided only by low-ranking sweepers and prostitutes. There is a hierarchy of gurus and disciples, with expulsion from the community a possible punishment for failure to obey group rules.

In a village of India, where nearly 74 percent of the population resides, caste and class affiliations overlap. According to anthropologist Miriam Sharma, "Large landholders who employ hired labour are overwhelmingly from the upper castes, while the agricultural workers themselves come from the ranks of the lowest…predominantly untouchable castes." She also points out, "Distribution of other resources and access to political control follow the same pattern of caste-cum-class distinctions."

Nevertheless, as the privileged elites move ahead, low-ranking menial workers remain economically insecure.

Although many other nations are characterized by social inequality, perhaps nowhere else in the world has inequality been so elaborately constructed as in the Indian institution of caste. Caste has long existed in India, but in the modern period it has been severely criticized by foreign observers. Although some educated Indians tell non-Indians that caste has been abolished or that no one pays attention to caste anymore, yet such statements do not reflect reality.

Sajjad Shaukat writes on international affairs and is author of the book: US vs Islamic Militants, Invisible Balance of Power: Dangerous Shift in International Relations.

Email: sajjad_logic@yahoo.com

## 'INDIA must allow international probe into IHK mass graves issue'

London, June 18 (KMS): An Indian author, Dr. Angana Chatterji who has prepared and documented evidence of mass graves in occupied Kashmir, has said that the UK together with USA can play an important role in highlighting the human rights violations in the territory in light of her report.

Dr. Angana Chatterji, Co-Convener of International Peoples Tribunal on Human Rights and Justice in the occupied territory, said this while briefing members of All Party Parliamentary Group on Kashmir under the Chairmanship of Lord Nazir Ahmed at the House of Lords in London.

She said that Indian government should allow an independent and impartial inquiry into the discovery of mass graves. The report titled 'Buried evidence' contains issues of disappearances, killing by police firings, fake encounters extra judicial killings, torture, detentions, torture centres, gendered and sexualised violence, prisoners' rights, juvenile justice, access to justice, landmines, commissions of inquiry and transparency.

Flaying India for stepped up human rights violations perpetrated by its troops in the occupied valley, Chatterji, in her report, said that the country had failed to ratify a number of UN conventions on human rights. She said, "Kashmir is a nuclear flashpoint in the conflict between Pakistan and India."

Lord Nazir Ahmad, talking on the occasion, said that APPGK delegation would shortly visit Azad Jammu and Kashmir and would endeavour to tour occupied Kashmir as well. He thanked the Executive Director of Kashmir Centre London, Professor Nazir Ahmad Shawl for coordinating the visit of Dr. Chatterji.

Barrister Abdul Majeed Tramboo, Gerald Kaufman, Christopher Leslie, Rob Flello, Richard Harrington, Andrew Griffiths, Khalid Mahmood, Darvin Shuker, Stevenson, MR Simon, Stella Cracy, Fiona Matgarat, Anees Sarwar, Dr Z.U Khan, Ruby Martin, Cllr Lasharey, Professor Zafar Khan and Professor Liaqat Khan were also present on the occasion.

# पुनर्संरचना, एकीकरण र जातीय संघीयता

*- रोशन कुमार झा*

पुनःसंरचनाको शब्दको शाब्दिक अर्थ कुनै बस्तुको भइरहेको स्वरुप वा ढाँचालाई परिवर्तन गर्नु वा नयाँ बनाउनु भन्ने हुन्छ। राज्यको पुनःसंरचना भनेको पनि त्यसको विद्यमान ढाँचा वा स्वरुपलाई फेरबदल गर्नु वा परिवर्तन गर्नु अर्थात देश र जनताको चाहना एवं आवश्यकता अनुसार समयसापेक्ष बनाउनु भन्ने हुन्छ। यदि एकात्मक राज्य जन संघात्मक प्रणालीमा जान्छ भने त्यसलाई पनि राज्य पुनः संरचना नै भनिन्छ। त्यस्तै संघात्मक राज्यमा कुनै क्षेत्र विशेषका जनताले अलग राज्य वा प्रदेशको माग गरे भने तिनको मागलाई सम्बोधन गर्न पनि राज्यको पुनः संरचनाको आवश्यकता पर्दछ। स्थापनाकालदेखि नै एकात्मक भनिएको नेपाल भन्दा सानो र चानचुन १ करोड जनसंख्या भएको बेल्जियम सन् १९८८ मा पुनः संरचित भई संघात्मक राज्यमा परिणत भएको उदाहरण हामीसँग छ।

जनताकै मागलाई पूरा गर्न भारतमा समय-समयमा भइरहेको प्रदेशहरूलाई विभाजित गरी नयाँ प्रदेशको निर्माण गरिएको छ। पुनः संरचनाभित्र राज्यको विधायिका र कार्यपालिकाको विद्यमान स्वरुपको परिवर्तन पनि पर्छ। त्यति मात्र होइन, यसले (Representation System) अर्थात् प्रतिनिधित्व प्रणाली, आर्थिक तथा समाजिक प्रणाली (Economic and Social System) को पुनः संरचनालाई समेत समेट्दछ। अर्को शब्दमा भन्नु पर्दा पुनः संरचनालाई देशको व्यवस्थापिका, कार्यपालिका र न्यापालिकासहित समाजिक, आर्थिक व्यवस्थाको पुनः संरचनालाई समेत जनाउँछ। संविधानले नै अलग अस्तित्व र भूमिका एवं जिम्मेवारी स्वीकार गरेका राज्यहरू मिलेर बनेको देशलाई संघात्मक राज्य भनिन्छ। संघीय राज्य प्रणालीमा संविधानको सर्वोच्चता (Supremacy of Constitution) शक्ति पृथकिकरण र (Independent Judiciary) स्वतन्त्र न्यायपलिकाको सिद्धान्त आवश्यक तत्व हो।संघीयता नेपालको लागि नयाँ विषय होइन। नेपालमा शासन गर्ने किँरातकाल, लिच्छवीकाल र मल्लकालको ऐतिहासिक पृष्ठभूमिले नेपाल आदिकाल देखि संघीय ढाँचामा रहेको कुरा प्र्ष्ट हुन्छ। पृथ्वीनारायण शाहले तथाकथित एकीकरण अर्थात् गोर्खा राज्य विस्तार गर्नु पूर्व पनि नेपाल अघोषित रुपमा संघात्मक राज्यकै स्वरुप थियो। वर्तमानको नेपाल, पृथ्वीनारायण शाहको पालादेखि मात्र एकात्मक राज्य संरचनामा ढालिएको हो। पृथ्वीनारायण शाहले गोरखा राज्य विस्तार गर्दा गरेका कतिपय सन्धि सम्झौताले यो कुरा प्रष्ट पार्छ। आधुनिक नेपालको निर्माण अमेरिकाको जस्तो धेरैवटा राज्यको महासंघको रुपमा भएको होइन। र यो भारत जस्तो ब्रिटिश उपनिवेशवादी शक्तिले बनाएको पनि होइन र यो धेरैवटा राज्यको एकीकरण भएर बनेको पनि होइन। यसको निर्माण गोर्खाली सामन्ती राज्यको विस्तारबाट भएको हो। तर यस घृणित कार्यलाई केही खस इतिहासकारले बढाईचढाई गरी राष्ट्रिय एकीकरणको नाम दिइएका छन्। तर यस बाहेकको अवस्थामा वर्तमान नेपालको भौगोलिक स्वरुपलाई एकीकरण भन्न मिल्ने ठाउँ देखिदैन। सीधा भाषामा भन्दा यो एक धार्मिक, एक भाषिक, एक जातीय खस गोर्खा राज्यको विस्तार मात्र हो।

वर्तमानको भौगोलिक स्वरुपको नेपाल राज्य हुनुभन्दा धेरै अगाडि देखि मधेशको अहिलेको यिनै भूभागमा मधेशी समुदायको छुट्टै अस्तित्व थियो। पृथ्वीनारायण शाह तथा त्यसपछि पनि भएको गोर्खा राज्यको विस्तारको क्रममा मात्र मधेशको भूभागलाई ब्रिटिशसँग भागबंडाको आधारमा बाँडफाँड गरिएको हो। उत्तर भारतमा अँग्रेजको प्रभुत्व भएपछि अवधले पहिले अधिकार जमाएको मधेश भूभागमाथि अँग्रेजले आफ्नो स्वामित्व दावा गरेकै कारण नेपाल र अँग्रेजबीच ठूलो युद्ध चलेको थियो। ती युद्धमा कुनै तराईवासी वा मधेशवासी गोर्खाली र अँग्रेजको समर्थन वा विरोधमा वा आफ्नै स्वतन्त्र अस्तित्व खोजेनन्। र यो लडाईको सफलता गोर्खालीहरूको पोल्टामा गएको थियो र सम्पूर्ण मधेशको भूभागसहितको सरहदलाई नेपाल भन्न थालिएको हो। नेपालको एकीकरणकालदेखि आजसम्म राज्यको स्वरुपमा कुनै परिवर्तन आएको छैन। यसको बनौट, स्वरुप र चरित्रमा परिवर्तन नभएको कारण यहाँ मधेशी समस्या समाधान हुनुको साटो झन् बल्झिरहेको छ। आजसम्म यहाँ भएका परिवर्तनहरू केवल संवैधानिक र कागजी परिवर्तन सावित भएका छन्। मधेशी समुदायले पञ्चायतकालमा ल्याइएको "एउटा भाषा एउटै भेष" को नीतिले ल्याएको देखि नै विरोध गर्दै आएका छन्। सोही समयदेखि उग्र राष्ट्रवादको नारा दिएर राजामहाराजाहरूबाट मधेशी समुदायमाथि विभेदकारी नीति अपनाउन थालिएको हो। एकात्मक संरचनाको विरुद्ध मधेशी समुदायले सर्वप्रथम २०१० सालमा स्थापना भएको तराई काँग्रेसले १९५१ मा तराईलाई क्षेत्रीय स्वायत्तता र स्वशासनको माग उठाएका थिए। यस्तै तराई मुक्ति मोर्चाले तराईलाई स्वायत्त शासन र आत्मनिर्णयको अधिकार प्राप्ती र मधेशीमाथिको भेदभाव र उपेक्षाको अन्त्य गर्न छापामार युद्ध गर्ने घोषणा गरेको थियो। यस्तै मधेश मुक्ति आन्दोलन (मधेशी जनक्रान्तिकारी दल) ले संयुक्त राष्ट्र संघको अर्थात् (United Nation Organization, U.N.O) को रेखदेखमा जनमत संग्रह मार्फत आत्मनिर्णयको अधिकार सहित स्वायत्तताको सवाल उठाएको थियो। त्यसपछि बीचमा यो क्रान्ति वा विद्रोहले विराम लिएको थियो।बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि २०४७ बैशाख २ र ३ गते नेपाल सद्भावना परिषद्बाट बनेको नेपाल सद्भावना पार्टीको अध्यक्ष रहनु भएका गजेन्द्रनारायण सिंहले यो मुद्दालाई जोडतोडका साथ उठाएका थिए। उनको यो साहसले देशविदेशमा नयाँ किसिमको तरङ्ग पैदा भएको थियो। आज मधेशी जनअधिकार फोरम र तराई मधेश लोकतान्त्रिक पार्टीलाई पनि यसै क्रमसँग जोड्न सकिन्छ। नेपाल एकीकरण अभियानसँगै संस्थागत गरिएको एकात्मक राज्य प्रणालीका कारण राज्यले आम नागरिकहरूलाई समान ढङ्गले कहिल्यै सम्बोधन गर्न सकेन्। राज्य संयन्त्रले जातीय, क्षेत्रीय, धार्मिक, भाषिक तथा लैङ्गिक मुद्दाहरूलाई जहिल्यै किनारा लगाउने काम गर्‍यो। एकीकरण पछिका २३८ वर्षमा राज्यको वास्तविक संरचनालाई वैज्ञानिक ढङ्गले पुनरजीवित गर्ने काम कहिल्यै भएन। आम नागरिकको चाहना भन्दा पनि शासकवर्गको स्वार्थ अनुरुप राज्यसत्तालाई डोऱ्याइयो। छुट्टै भाषा, संस्कृति एवंम धर्म भएका आदिवासी मधेशीहरूलाई एक भाषा एक भेषका नाममा उनीहरू माथि जबर्जस्ती एकात्मक शासन प्रणाली लादियो।

नेपालको वास्तविक पुनर्संरचना गर्ने हो भने मुलुकमा विद्यमान जातीय, क्षेत्री, धार्मिक, भाषिक तथा लैङ्गिक सवालहरूमा सम्बोधन हुन जरुरी छ। त्यही अनुरुप नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भइसकेको छ। तर दुःखको कुरा के हो भने अहिले विभिन्न जातीय संघसंस्था र केही दलका नेताहरू समेत आफ्नो निहित स्वार्थको लागि जातीय संघीयताको माग उठाइरहेका छन्। तर यो माग सरासर अवैज्ञानिक र निराधार हुन्। किनभने १०३ जातजाति भएको देशमा केही जातिको नामबाट मात्र प्रदेशको विभाजन गर्नु भनेको Globalization युगलाई थप्पड मार्नु हो। धर्म निरपेक्ष राज्यमा जातीय मुद्दा तटस्थ रहनुपर्छ। अन्यथा यसले ठूलो दुर्घटना निम्त्याउन सक्छ। अर्थात देश टुक्रन पनि सक्छ। यहाँ महत्वपूर्ण बुझ्नु पर्ने कुरा के हो भने प्रायः सबै दल, व्यक्ति, नेता जातीय संघीयताको विरुद्धमा हुँदाहुँदै पनि राज्य पुनर्संरचना तथा शक्ति बाँडफाँड समितिद्वारा प्रस्ताव गरिएको १४ प्रदेशको खाका मधेशको दुई प्रान्त बाहेक पहाडी क्षेत्रका लागि परिकल्पना गरिएका सबै राज्यहरू जातीय नै हुन्।

कतिपयले त मधेशी समुदायलाई जातिको रुपमा हेर्ने गरेका छन्। तर, मधेशी जाति होइन यो स्वयम् सबै पूर्वाधारयुक्त राज्य बन्ने क्षमता राख्दछ। मधेश विभिन्न धर्मावलम्बी, भाषाभाषी र संस्कृति भएका व्यक्तिहरूको साझा थलो हो। यहाँ हिन्दू, मुस्लिम, बुद्ध, शिख, जैन र अन्य धर्म मान्नेहरू पनि प्रचुर मात्रामा छन्। भने भाषाको कुरा गर्ने हो भने मैथिली, भोजपुरी, उर्दू, पन्जाबी, हिन्दी, मारवाडी, बज्जीका, अवधी, बंगाली, राजवंशी, थारु आदि भाषा बोलिन्छन्। मधेशको आफ्नै छुट्टै र विशिष्ट संस्कृति छ। यसर्थमा मधेश पृथक पहिचान बोकेको समुदाय पनि हो।

महत्वपूर्ण कुरा त के हो भने यहाँ पहाडी क्षेत्रमा जस्तो जातीय स्वतन्त्रताको माग पनि उठेको छैन। अहिले लिम्बु र राईहरू लिम्बुवान प्रदेश, तामाङले तामसालिङ, नेवारले नेवाः राज्य आदि जातजातिले आफ्नो जातिको नामबाट प्रदेशको नामाकरण र जातीय अग्रअधिकार खोजेको देखिन्छ। तर मधेशमा भने यस्तो अवस्था छैन। मधेशका प्रायः सबै जातजातिहरू पूर्व झापादेखि पश्चिम कैलाली कञ्चनपुरसम्म फैलिएका छन्। अर्थात् तराईमा मधेशी (भोजपुरी, मैथिली, बज्जिका, अवधि) माथि समुदायको भौगोलिक रुपले पूर्व झापा मोरङ, देखि पश्चिम पर्सा जिल्ला नारायणी नदी हुँदै चितवन पूर्वसम्म सघन रुपमा बसोबास गर्दै आएका छन्। अहिले संघीयताको विरोध गर्ने तत्वहरू अर्थात् राप्रपा नेपाल र जनमोर्चा नेपालका कमल थापा र चित्रबहादुर केसीको लागि स्वीट्जरलैण्ड र बेल्जियमको इतिहास काफी छ। नेपाल भन्दा सानो भूगोल, थोरै जनसंख्या, थोरै सामाजिक, आर्थिक, भाषिक, सांस्कृतिक विविधता भएको यी दुई मुलुकमा संघीयता सफल सावित भएको छ। संघीयताले देश टुक्राउने होइन झन् राष्ट्रिय एकता बलियो हुन्छ। (मधेश दपर्ण फिचर सेवा)

## सबै दलहरू आपसी द्वन्द्वमा

काठमाडौं / प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिने निश्चित भएपछि विभिन्न दलहरूका नेताहरू प्रधानमन्त्री बन्ने खेलमा सक्रिय भएका छन्। संविधानसभामा सबै भन्दा ठूलो दल भएको एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस पनि आन्तरिक द्वन्द्वमा फसेको छ। नेपाली कांग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा र संसदीय दलका नेता रामचन्द्र पौडेल मध्ये को प्रधानमन्त्री हुने भनेर आ-आफ्ना पक्षका सभाषद्हरूसँग गोप्य बैठक गर्नमै व्यस्त रहेका छन्। अर्को तर्फ एकीकृत नेकपा माओवादी भित्र पनि पुष्पकलम दाहाल कि डा.बाबुराम भट्टराई को प्रधानमन्त्री बन्ने भन्ने विवाद सडकमा आएको हुनाले अहिलेकै अवस्थामा अब राष्ट्रिय सहमतिको सरकार बन्न सक्ने अवस्था छैन। एकीकृत नेकपा माओवादीका अध्यक्ष दाहालको नेतृत्वमा राष्ट्रिय सरकार बन्नुपर्ने अडानमा माओवादी नेतृत्व भएपनि माओवादीकै कारण दाहालको नेतृत्वमा सरकार बन्न सक्ने अवस्था नभएपछि अध्यक्ष दाहाल समूहको विरोधी पक्षले बहुमतिय आधारमै भएपनि डा.भट्टराईको नेतृत्वमा सरकार बनाउनु पर्ने अडान राखेका हुनाले माओवादी पनि आपसी द्वन्द्वमा फसेको प्रष्ट भएको छ। माओवादीका पदाधिकारीहरू भित्रै पनि एकमत हुन नसकेका हुनाले सात सदस्यीय पदाधिकारीहरू पनि विभाजीत भएपछि माओवादी नेतृत्वले पोलिटब्युरो बैठक र स्थायी कमिटिको बैठकबाट समेत एकमत निर्णय गर्न सकेन। त्यसरी दुवै बैठकबाट एकमत निर्णय हुन नसक्नु माओवादी पनि आन्तरिक द्वन्द्व मै फस्नु नै हो।

संविधानसभाको चुनाव संविधान बनाउनका लागि गरिएको भए पनि अन्तमा आएर त्यो चुनाव सरकार निर्माणका लागि भएको जस्तो व्यवहार दलहरूले देखाउन थालेका छन्। दुई वर्ष भित्रमा संविधान बनाई सक्नु पर्ने म्याण्डेट जनताले दिए पनि जनताका म्याडेण्टलाई दलहरूले उल्लघंन गरेर आफैंले आफ्नो पदावधि एक वर्षका लागि लम्ब्याए। थपिएको समयको एक महिना बित्न लाग्दा पनि संविधान निर्माणको कार्य अगाडी बढ्न सकेको छैन। संधिवान निर्माणका लागि भनेर दलहरूले एक अर्कामा एक दिन पनि छलफल र बहस नचलाए पनि सत्ता समीकरणको लागि उनीहरू ज्यान छोडेर लागेका छन्। सत्तामा पुगेपछि राज्यको ढुकुटीबाट राम्रो रकम लुट्न पाइने, आफ्ना दर सन्तानको लागि सम्पत्ति जोड्न पाइने आशाले गर्दा दलका नेताहरू सत्ता हत्याउनैको लागि सक्रिय भएका छन्। जनता महँगी, अभाव, लोडसेडिङ पानीको हाहाकारका समस्याहरू भोग्न बाध्य भए पनि नेताहरू भने तिनै सोझा जनातलाई देखाएर उनीहरूले तिरेको करलुट्नमै व्यस्त रहनेगरेका छन्। यसरी मुलुकलाई टाट पल्टाउने कार्यमा दल र नेताहरू नै लागेका हुनाले जनताका आधारभूत आवश्यकता पुरा हुने कुनै सम्भावना छैन। माधवकुमार नेपाल नेतृत्वको सरकारले राजीनामा दिएपछि अब बन्ने अर्को सरकार पनि नेपाली जनताको लागि कागलाई बेल पाक्यो हर्ष र विस्मत जस्तो मात्र बन्ने प्रायः निश्चित देखिएको छ।

## राजधानीमा अपहरणको अर्को घटना

काठमाडौं / सतुङ्गलका प्रकाश बस्नेत र राजन लम्सालले लिएको पैसा तिरेनन् भनेर तिनलाई अपहरणकारी प्रकाश गिरी, विनोद श्रेष्ठ र सुरेन्द्र शाहले ट्याक्सीमा राखेर पोखरातिर लैजाँदै गर्दा प्रहरीले खानीखोलाबाट उद्धार गरेको छ। पैसा नदिए सेती खोंचमा फालिदिने धम्की दिंदै लगेको अपहरणमा पर्नेले बताएका छन्। प्रहरी स्रोतका अनुसार अपहरणमा पर्नेले पैसा लिएको तर घरजग्गा विक्रीको मन्दीका कारण पैसा फिर्ता गर्न नसेको बताएका छन्। अपहरण गर्ने तीनै जनाले पैसा उठाउन अपहरण गरेको तर मार्ने उदेश्य नरहेको बयान दिएका छन्। यद्यपि अपहरण काण्ड अपराध भएकाले कानून अनुसार कारबाही हुने प्रहरीको भनाई छ। घरजग्गा खरिदविक्रीमा आएको मन्दीका कारण र बैंकले लगानी समेत बन्द गरेकाले लेनदेनमा ठूलै संकट उत्पन्न भएको छ। लेनदेनका कारण अपहरण गर्ने र हिंसामा पनि वृद्धि भएको प्रहरीको रिपोर्ट छ। यो सानो अपहरण काण्ड भयो, यो भन्दा पनि ठूला ठूला अपहरण घटना हुनसक्ने सम्भावना एकातिर देखिन्छ भने कतिपय अपहरणका काण्डहरू प्रकाशमै आउन नसकेका घटनाहरू पनि छन्। *– सरला के.सी. (प्रशिक्षार्थी)*